# नेपाल राष्ट्र बैंक
## मुद्रा व्यवस्थापन विभाग
## थापाथली

### नोट सर्टिङ्ग र नोट काउन्टिङ्ग मेशिन खरिद गर्ने बारे गोप्य बोलपत्रको
### सूचना

**(प्रथम पटक प्रकाशित मिति (२०६६।१०।१२ )**

नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागका लागि तपसिल बमोजिमका सामानहरु खरिद गर्नु पर्ने भएकोले Supply गर्न इच्छुक फर्महरुलाई यो सूचना प्रकाशित मितिले ३१ औं दिन भित्र यस विभागमा आइपुग्ने गरी गोप्य बोलपत्र (Sealed Tender) आव्हान गरिन्छ ।

| बोलपत्र नं. | सामानको नाम | अनुमानित लागत रकम (रु.) |
|---|---|---|
| ३/०६६/६७ | Note Shorting Machine थान २ | ५०,००,०००।- (पचास लाख)मात्र |
| ४/०६६/६७ | Note Counting Machine (Bundle) थान ६ | ९,३७,४४०।- (नौ लाख सैतिस हजार चार सय चालिस)मात्र |

१. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित मितिले ३० औं दिनसम्म दिनको २:०० वजे भित्र नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली र टक्सार महाशाखा, सुन्धारा, काठमाडौंबाट बोलपत्र नं. ३/०६६/६७ का लागि रु.७,०००।- र बोलपत्र नं. ४/०६६/६७ का लागि रु.५,०००।- (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउँदा निवेदनका साथ अध्यावधिक भएको फर्म दर्ता प्रमाण, ईजाजत-पत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु अनिवार्य हुनेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (सो दिन विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२:०० वजे भित्र नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली, काठमाडौंमा बोलपत्र दाखिला भई सक्नु पर्नेछ । पेश भएका बोलपत्र सोहि दिन तथा स्थानमा दिनको २:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा नपर्ने) खोलिनेछ ।

४. बोलपत्रका साथमा बोलपत्र जमानत (विडवण्ड) वापत आफुले कबोल गरेको मूल्य अभिवृद्धि कर समेतको कबोल रकमको कम्तिमा ५ प्रतिशतले हुन आउने रकम यस बैंकको थापाथलीस्थित सामान्य हिसाव १० मा जम्मा गरेको सक्कलै भौचर वा इजाजतपत्र प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी वोलपत्र दाखिला गर्ने अन्तीम मिति देखि न्यूनतम ९० दिनको मान्य अवधि भएको बोलपत्र जमानत संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले ६० दिनको हुनेछ ।

५. बोलपत्रदाता सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाको कालोसूचीमा परेको हुनु हुँदैन ।

६. बोलपत्र स्वीकार गर्ने, नगर्ने तथा पूर्ण वा आंशिक रुपमा स्वीकृति गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

७. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा बोलपत्रमा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक, खर्च व्यवस्था विनियमावली २०६४ मा उल्लेख भए बमोजिम हुनेछन् ।

८. उपरोक्तानुसार रित नपुगेको वा म्यादभित्र प्राप्त भएको वा झुट्ठा विवरण पेश गरेको देखिन आएमा यसरी पेश भएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, थापाथली, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ । बोलपत्र सम्बन्धी सूचना यस बैंकको Website: www.nrb.org.np मा समेत हेर्न सकिनेछ ।

मुद्रा व्यवस्थापन विभाग
थापाथली